धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक     जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily | राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २३ ◆ २०८३ साउन २३ गते शनिबार, Saturday, August 8, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## हेटौंडा पर्यटन वर्ष २०८३ को प्रतिक चिन्ह तयार गर्दै उपमहानगर

बागमती । हेटौंडा उपमहानगरपालिकाले हेटौंडा पर्यटन वर्ष २०८३ को आधिकारिक प्रतिक चिन्ह (लोगो) बनाउने तयारी गरेको छ ।

उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/ ०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'हेटौंडा पर्यटन वर्ष २०८३' मनाउने सन्दर्भमा उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'हेटौंडा पर्यटन वर्ष २०८३' को आधिकारिक प्रतिक चिन्ह तयार गर्न लागिएको हो ।

प्रतिक चिन्ह तयार गर्ने सम्बन्धमा उपमहानगरले सार्वजनिक सूचना जारी गर्दै इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा सङ्घ/संस्थाहरूलाई आह्वान समेत गरेको छ ।

प्रतिक चिन्ह तयार गर्दा हेटौंडा नगरको प्राकृतिक सौन्दर्य, हरित नगर, धार्मिक सम्पदा, वन-वनस्पति, जैविक विविधता तथा पर्यटकीय सम्भावनालाई रचनात्मक र कलात्मक रूपमा साङ्केतिक प्रस्तुति हुनुपर्ने उल्लेख गर्दै यो पूर्ण रूपमा नयाँ, मौलिक र अप्रकाशित, सामाजिक र राष्ट्रिय एकता अनुकूल हुनुपर्ने लगायतका सर्त र मापदण्ड समेत राखिएको छ ।

प्राप्त प्रतिक चिन्ह मध्येबाट विषयविज्ञ टोलीको मूल्याङ्कनका आधारमा सर्वोत्कृष्ट प्रतिक चिन्ह बनाउने व्यक्ति (डिजाइनर) लाई पुरस्कृत समेत गरिने उपमहानगरपालिकाले जनाएको छ ।

## धादिङमा 'एक लायन, एक बिरुवा' अभियान सञ्चालन

*प्रत्यूष समाचारदाता*

धादिङबेशी । लायन्स क्लब अफ धादिङ, नीलकण्ठले वातावरण संरक्षणलाई घरआँगनबाटै सुरु गर्ने उद्देश्यसहित 'एक लायन, एक बिरुवा' अभियान सञ्चालन गरेको छ। डिभिजन वन कार्यालय धादिङको समन्वयमा प्राप्त बिरुवा क्लबका सदस्यहरूले आ-आफ्नो घरआँगन तथा उपयुक्त स्थानमा रोपेका हुन् ।

क्लबका अध्यक्ष पोषनाथ अधिकारीको नेतृत्वमा डिभिजन वन कार्यालय परिसरमा आयोजित कार्यक्रममा वन कार्यालयका तर्फबाट क्लबलाई बिरुवा हस्तान्तरण गरिएको थियो। हस्तान्तरणपछि सहभागी सदस्यहरूले बिरुवा ग्रहण गरी आफ्नो घर तथा आसपासका क्षेत्रमा वृक्षरोपण गरेका छन् । कार्यक्रममा क्लबका सचिव दीपक सिटौला, कोषाध्यक्ष शरणकुमार श्रेष्ठ, ट्रेजरर गोविन्द भण्डारी, डिस्ट्रिक्ट सिनियर एओजी ईश्वरीप्रसाद पाण्डे, ईश्वरकुमार श्रेष्ठलगायत लायन सदस्यहरूको सहभागिता रहेको क्लबले जनाएको छ ।

अध्यक्ष अधिकारीले वातावरण संरक्षणको सुरुआत व्यक्ति र घरबाटै हुनुपर्ने बताए । घरआँगनलाई हरियाली र स्वच्छ बनाउने साना प्रयासले दीर्घकालीन रूपमा वातावरण संरक्षणमा योगदान पुग्ने उनको भनाइ थियो । लायन्स क्लब्स इन्टरनेसनलले वातावरण संरक्षणलाई आफ्ना प्रमुख कार्यक्षेत्रमध्ये एकका रूपमा समेटेको छ ।

## एलपी ग्यास आपूर्तिलाई सहज बनाउ आग्रह

काठमाडौं। राष्ट्रिय मानवअधिकार आयोगले एलपी ग्यास वितरण प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा उपभोक्ताको सहज पहुँच सुनिश्चित गरी ग्याँस आपूर्तिलाई सहज बनाउन सरकारलाई निर्देशन दिएको छ ।

नियमित तथा आकस्मिक बजार अनुगमनलाई थप प्रभावकारी बनाउँदै ग्यास वितरण प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्न सरकारलाई दिनेशन दिएको हो । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा कृत्रिम अभाव सिर्जना गर्नेलाई कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृतिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुको आपूर्तिको व्यवस्था मिलाइ उपभोक्ताको अधिकार संरक्षण गर्न सरकारलाई निर्देशन दिएको उल्लेख छ ।

विगत केही दिनदेखि काठमाडौं उपत्यकामा एलपी ग्यासको अभाव हुँदा उपभोक्तामा पर्न गएको असरप्रति आयोगले खाद्य व्यवस्था तथा कम्पनी लिमिटेड, नेपाल आयल निगम, वाणिज्य विभाग, उपभोक्ता संरक्षण विभाग तथा उपभोक्ताहरूसँग सोधपुछ गरी जानकारी लिएको जनाएको छ। साथै, आयोगले ग्यास बिक्री वितरण गर्ने डिपोहरु समेतको अनुगमन तथा अवलोकन गरिरहेको छ । आयोगले अनुगमन तथा अवलोकनको क्रममा उपभोक्ताले ग्यास सहजै पाउन नसकेको, ट्र्याकिङ प्रणाली नहुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने गरेको, बिक्रेताहरूले नियमित ग्राहकलाई प्राथमिकतामा राख्दा विद्यार्थी, दैनिक ज्याला मजदुरी गर्नेहरू र एकमात्र सिलिण्डर भएका निम्न वर्ग थप समस्यामा परेको, केही बिक्रेताहरूले कृत्रिम अभाव सिर्जना गरेको लगायतका तथ्यहरू प्राप्त भएको जनाएको छ ।

ग्यास वितरण प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा बजारमा कृत्रिम अभाव, कालोबजारी तथा अनुचित मूल्यवृद्धि नियन्त्रणका लागि नियमित बजार अनुगमन गरिरहेको उपभोक्ता संरक्षण विभागबाट जानकारी प्राप्त भए पनि बजारमा ग्यास अभाव रहेको पाइएको छ।

## प्रत्यूष दैनिकको सम्पादकमा रमेश अधिकारी नियुक्त

*प्रत्यूष समाचारदाता*



धादिङबेशी। धादिङबाट प्रकाशन हुँदै आएको प्रत्यूष राष्ट्रिय दैनिकको सम्पादकमा रमेश अधिकारी नियुक्त भएका छन् । पत्रिका सञ्चालन गर्ने संस्था प्रत्यूष नेटवर्क प्रा.लि.को शुक्रबार बसेको सञ्चालक समितिको बैठकले चार दशकभन्दा लामो समयदेखि पत्रकारिता, साहित्य तथा सम्पादन क्षेत्रमा सक्रिय अधिकारीलाई सम्पादकको जिम्मेवारी दिने निर्णय गरेको हो ।

नवनियुक्त सम्पादक अधिकारीलाई शुक्रबार नै प्रकाशन संस्थाका अध्यक्ष दिपा लम्साल र म्यानेजिङ डाइरेक्टर बद्री अधिकारीले स्वागत गरेका छन् । प्रकाशन संस्थाले अधिकारीको पत्रकारिता तथा सम्पादनसम्बन्धी अनुभवले पत्रिकाको समाचार सामग्री र सम्पादकीय गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ ।

नीलकण्ठ नगरपालिका-७, धादिङ निवासी अधिकारीले २०४१ सालमा 'स्पन्दन' हवाई पत्रिकाको प्रतिनिधिका रूपमा पत्रकारिताको यात्रा सुरु गरेका थिए। त्यसपछि २०४६ सालमा 'विप्लव' साहित्य मासिकको प्रतिनिधिका रूपमा काम गर्दै उनले पत्रकारिता र साहित्यिक लेखनलाई निरन्तरता दिएका थिए ।

उनले २०५३ सालमा एचआईभी/एड्सविरुद्धको अभियानका क्रममा नेपाल रेडक्रस सोसाइटी धादिङसँग सम्पादकीय भूमिकामा काम गरेका थिए। २०५४ सालमा 'रेडक्रस सन्देश' तथा २०५५ सालमा 'बिसौनी' साहित्यिक पुस्तकको सम्पादन गरेका अधिकारी २०५६ सालमा 'धादिङ आवाज साप्ताहिक'मा आबद्ध भएका थिए । उनी २०५७ सालमा 'उद्बोधन' साहित्य मासिकको सम्पादक बनेका थिए। २०६३ सालमा 'मंगल प्रभात किरण साप्ताहिक'मा स्तम्भ लेखन गरेका अधिकारीले २०६४ सालमा रेडियो धादिङबाट प्रसारित 'साहित्य सरोवर' कार्यक्रम उत्पादन गरेका थिए। सोही वर्षदेखि उनले 'नेत्रावती साप्ताहिक'मा स्तम्भ लेखन सुरु गरेका थिए भने २०६६ देखि २०७२ सालसम्म 'हाइवेखबर साप्ताहिक'मा नियमित स्तम्भ लेखेका थिए ।

यसअघि २०६८ सालमा पनि प्रत्यूषको सम्पादकीय जिम्मेवारी सम्हालिसकेका अधिकारीले २०८२ सालमा धादिङ उद्योग वाणिज्य संघको 'उद्योग वाणिज्य बुलेटिन'को सम्पादन गरेका थिए। २०८३ सालमा प्रकाशित 'प्रज्ञा-वर्तिका' स्मारिकाको समेत उनले सम्पादन गरेका छन् । उनका लेख तथा रचनाहरू गणेश हिमाल साप्ताहिक, पाविल साप्ताहिक, पाविल अनलाइन र ओखर न्युज लगायत सञ्चार माध्यममा प्रकाशित भएका छन् ।

को हुन् रमेश अधिकारी ?

रमेश अधिकारी पत्रकारिता, साहित्य तथा सम्पादन क्षेत्रमा चार दशकभन्दा लामो समयदेखि सक्रिय छन् । समाजशास्त्रमा स्नातकोत्तर गरेका अधिकारीले पत्रपत्रिका, रेडियो तथा विभिन्न साहित्यिक प्रकाशनमा लेखन, स्तम्भ लेखन र सम्पादनको जिम्मेवारी सम्हाल्दै आएका छन्। अधिकारीको रुचिको मुख्य क्षेत्र साहित्य र पत्रकारिता हो। उनको साहित्यिक यात्रामा कविता लेखनसमेत महत्वपूर्ण पक्षका रूपमा रहेको छ। उनको 'रेडक्रसको महत्त्व' शीर्षकको कविताले २०४३ सालको जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेको थियो। उनको 'गन्तव्य' कविता सङ्ग्रह २०७४ सालमा प्रकाशित भएको छ ।

पत्रकारिता र साहित्यसँगै उनले विभिन्न संस्थागत प्रकाशनमा पनि सम्पादकीय जिम्मेवारी निर्वाह गरेका छन् । 'रेडक्रस सन्देश', 'बिसौनी', 'उद्बोधन', 'प्रत्यूष', 'उद्योग वाणिज्य बुलेटिन' र 'प्रज्ञा-वर्तिका'लगायत प्रकाशनमा उनको सम्पादकीय संलग्नता रहेको छ ।

अधिकारीले रेडियो कार्यक्रम उत्पादन तथा विभिन्न साप्ताहिक पत्रिकामा स्तम्भ लेखनसमेत गरेका छन् । उनले २०६८ सालमा प्रत्यूषको सम्पादकीय जिम्मेवारी सम्हालेका थिए भने २०८३ सालमा पुन: प्रत्यूष दैनिकको सम्पादकको जिम्मेवारी पाएका हुन् ।

पत्रकारिता तथा साहित्यिक क्षेत्रमा गरेको कामका लागि अधिकारीलाई मंगल प्रभात किरण साप्ताहिक, धादिङ आवाज, नेपाली छापा माध्यम राष्ट्रिय सञ्जाल र प्रत्यूष प्रकाशनलगायत संस्थाबाट विभिन्न समयमा सम्मान गरिएको थियो । अधिकारीले अब प्रत्यूष दैनिकको सम्पादकीय नेतृत्व सम्हाल्नेछन्।

## पोखरा सार्वजनिक पुस्तकालय पोखरा घरमा

गण्डकी । पोखरा सार्वजनिक पुस्तकालय पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा नवनिर्मित 'पोखरा घर'मा सरेको छ। यसअघि नयाँबजारस्थित क्षेत्री समाजको भवनबाट पुस्तकालय सञ्चालित थियो ।

तीन वर्षअघि महेन्द्रपुलमा रहेको पुरानो पुस्तकालय भवन हटाएर महानगरले झण्डा उद्यान बनाएपछि पुस्तकालयलाई अस्थायी रुपमा क्षेत्री समाज भवनमा सारिएको थियो । पोखराको चिनारी दिने गरी महानगरले बनाएको 'पोखरा घर'बाट पुस्तकालय सेवा सुरु गरिएको पुस्तकालय सञ्चालक समितिका उपाध्यक्ष शिरोमणि बरालले बताउनुभयो ।

पुस्तकालय सरेसँगै नयाँ भवनमा आन्तरिक सजावट र व्यवस्थापनका काम भइरहेको उहाँको भनाइ छ । पुस्तकालय सञ्चालनका लागि भवनको तलासँगै फर्निचरलगायतका सामग्री महानगरले उपलब्ध गराएको उपाध्यक्ष बरालले बताउनुभयो ।

विसं २०४९ मा स्थापना भएको यस पुस्तकालयमा विभिन्न विधाका १२ हजारभन्दा बढी पुस्तक सङ्गहित छन्। पोखरा महानगरपालिकासँगको सहकार्य र समन्वयमा पुस्तकालय थप व्यवस्थित र दिगो ढङ्गले सञ्चालन हुने बताइएको छ । "पोखरामा पठन संस्कृतिको विकासमा यो पुस्तकालयको ठूलो योगदान छ", उपाध्यक्ष बरालले भन्नुभयो, "पुस्तकालयलाई प्रविधिमैत्री बनाउँदै समयानुकूल रुपान्तरणमा जोड दिन्छौं ।"

विद्युतीय पुस्तकालयलाई पनि थप व्ययवस्थित गरिने समितिले जनाएको छ । हालै निर्माण सम्पन्न भएको 'पोखरा घर'को उद्घाटन हुन बाँकी छ । सोही घरमा आर्ट ग्यालरी, एकीकृत सूचना केन्द्र, कोशेली घर र पोखरा प्रज्ञा प्रतिष्ठानको कार्यालय रहने



बताइएको छ । दुई वर्षअघि निर्माण थालिएको 'पोखरा घर'लाई छिट्टै पूर्ण रुपमा सञ्चालनमा ल्याउने महानगरको तयारी छ ।

भूमिगत पार्किङसहितको 'पोखरा घर' पर्यटकका लागि आकर्षण बन्ने विश्वास लिइएको छ। रु पाँच करोड एक लाख ४६ हजारको लागतमा बनेको यस अपाङ्गमैत्री भवनमा विद्युतीय भऱ्याङ (लिफ्ट) को समेत सुविधा रहेको छ ।

'पोखरा घर'लाई परम्परागत वास्तुकलासहित आधुनिक प्रविधि र सामग्रीको प्रयोग गरेर निर्माण गरिएको छ ।

सम्पादकीय ....

# व्यावसायिकता, विकास-पत्रकारिता र सूचनाको हकप्रतिको प्रतिबद्धता

आजका मितिदेखि प्रत्युष दैनिकको सम्पादकीय दायित्व ग्रहण गर्दै, यस अवसरमा पत्रकारिताको मूल प्रयोजनप्रति पुनः आस्था व्यक्त गर्न चाहन्छौं । पत्रकारिता कुनै व्यक्ति, समूह वा संस्थाको निहित स्वार्थ सिद्ध गर्ने उपकरण होइन; यो राज्य र नागरिक बीचको सञ्चारसेतु हो, जसले सामाजिक चेतनाको स्तरोन्नति र शासकीय पारदर्शिताको सुदृढीकरणमा संरचनात्मक भूमिका निर्वाह गर्दछ । यसै प्रत्ययमा आधारित रही प्रत्युष दैनिक व्यावसायिक पत्रकारिताका सिद्धान्तहरू – तथ्यपरकता, वस्तुनिष्ठता, स्रोतको प्रामाणिकता र सम्पादकीय जवाफदेहिता – लाई आफ्नो नीतिगत मेरुदण्डका रूपमा अवलम्बन गर्नेछ । व्यावसायिकता भन्नाले यहाँ आर्थिक दक्षता मात्र नबुझी, प्रत्येक समाचार, विश्लेषण र टिप्पणीलाई तथ्य, तर्क र नैतिक विवेकको कसीमा जाँचेर मात्र प्रकाशनमा लैजाने अनुशासनात्मक संस्कारलाई बुझिनुपर्दछ, र यही संस्कारलाई हामी संस्थागत परम्पराका रूपमा स्थापित गर्ने प्रयत्न गर्नेछौं ।

समकालीन नेपाली पत्रकारिता एकसाथ दुई प्रकारका संरचनात्मक चुनौतीको सामना गरिरहेको छ : एकातर्फ आर्थिक अस्थिरता, विज्ञापन बजारको सङ्कुचन र प्रविधिजनित द्रुत रूपान्तरणले पेशागत विश्वसनीयतामाथि प्रश्नचिह्न खडा गरेको छ; अर्कोतर्फ विकासका दीर्घकालीन र सान्दर्भिक मुद्दाहरू क्षणिक तथा सनसनीप्रधान समाचारको बाहुल्यमा ओझेलमा पर्ने प्रवृत्ति बढ्दो छ । यस्तो परिस्थितिमा प्रत्युष दैनिकले विकास-पत्रकारितालाई आफ्नो सम्पादकीय अग्राधिकारको केन्द्रविन्दुमा राख्नेछ । शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी र स्थानीय शासन जस्ता क्षेत्रमा भएका उपलब्धि, न्यूनता र सम्भावनाको विश्लेषणात्मक अध्ययन हामी गर्नेछौं – घटनाको सतही विवरणमा सीमित नरही, कारण-परिणाम सम्बन्ध र समाधानोन्मुख दृष्टिकोणसहित । विकास-पत्रकारिता हाम्रो दृष्टिमा नीति-निर्माता र नागरिकबीचको अर्थपूर्ण संवाद सम्भव बनाउने माध्यम हो, जसले स्थानीयदेखि राष्ट्रिय तहसम्मका योजना तथा लगानीको प्रभावकारिताप्रति जनचेतना अभिवृद्धि गर्दछ ।

जनताको सूचनाको हकलाई सैद्धान्तिक अधिकारबाट व्यावहारिक अभ्यासमा रूपान्तरण गर्नका निमित्त सरकारी निकाय, नागरिक समाज, विज्ञ समुदाय र स्थानीय सरकारसँगको निरन्तर सहयोग र सहकार्यलाई हामी अपरिहार्य ठान्दछौं । सूचना प्राप्तिको संवैधानिक अधिकारलाई सशक्तीकरण गर्नु, र सोही अधिकारको उपयोगमार्फत उत्तरदायी शासन-प्रणालीको स्थापनामा योगदान पुऱ्याउनु नै हाम्रो पत्रकारिताको सार्थकताको आधार हो । यसका लागि खोजमूलक प्रतिवेदन, स्रोत-सुरक्षा र तथ्यपरक विश्लेषणलाई हामी निरन्तरता प्रदान गर्नेछौं ।

यसरी व्यावसायिकता, विकासोन्मुखता र सहकार्यको आधारमा उभिएर प्रत्युष दैनिक नेपाली पत्रकारिताको गौरवशाली परम्परालाई समसामयिक आवश्यकताअनुरूप अगाडि बढाउने संकल्प व्यक्त गर्दछ, यही हाम्रो प्रतिबद्धता हो ।

# डाक्टरको चन्दाले जब जोगायो अनिलको ज्यान

वीर अस्पतालस्थित नयाँ भवनको तेस्रो तलामा बिरामीको चाप छ । कोही 'बेड' नपाएर तनावमा छन् । कोही दुखाइको छटपटीमा छन् । कोही बिरामी भेट्न जानेहरु छन्, कोही आफ्ना बिरामीको अवस्था देखेर हतासमा छन् । कोही उपचारपश्चात् घर फर्कने तयारी छन् । ओहोरदोहोर गर्नेको बाक्लै भीड छ । त्यही तलाको 'बेड' नम्बर ३४९ मा हुनुहुन्छ, कालीकोट स्थायी घर भई काठमाडौंस्थित डल्लुमा बस्ने अनिल दमाईं ।

गत शनिबार राति करिब १०:०० बजेको समय थियो । खाना खाएर उहाँ सुत्ने तर्खरमा हुनुहुन्थ्यो । अचानक पेटमा असह्य पीडा सुरु भयो । केहीबेरमै उहाँको शरीर पसिनाले निथ्रुक्क भिज्यो । श्वास फेर्न गाह्रो हुन थाल्यो । पीडा यति असह्य थियो कि उहाँलाई आफू अब बाँच्दिन कि भन्ने लाग्न थाल्यो तर पनि उहाँले एक घण्टासम्म आफ्नो पीडा परिवारसँग लुकाउनुभयो । श्रीमती नआत्तिउन्, घरका सदस्यहरू डराउन नपरोस् भन्ने सोचले उहाँ चुपचाप छटपटाइरहनु भयो ।

पीडा झन् बढ्दै गएपछि अन्ततः उहाँले श्रीमतीलाई भन्नुभयो, "अब मरे पनि सरकारकै अस्पताल (वीर अस्पताल) मै मरुँला ।" घरमा खोज्दा जम्मा २० रुपैयाँ रहेछ । औषधि किन्ने त परको कुरा, अस्पताल पुग्ने खर्चसमेत थिएन । छिमेकीसँग ५०० रुपैयाँ सापटी लिएर उहाँ श्रीमती लिएर ट्याक्सी चढ्नुभयो । "अरू समय डल्लुदेखि वीर अस्पताल पुग्नका लागि ट्याक्सीले ३०० जति लिने गर्थे । रातमा महँगो लाग्छ भनेर ५०० नै लिएँ । दुई सय फिर्ता दिनुस् न भनेर आग्रह गरेको ट्याक्सी चालकले मिल्दै भने । निर्दयी रहेछन्", दमाईं भन्नुहुन्छ ।

वीर अस्पताल पुग्दासम्म उहाँहरूका साथमा रु २० बाँकी रहेछ । अस्पतालको आकस्मिक कक्षमा पुगेपछि अर्को पीडाले सतायो । उहाँहरुका साथमा टिकट काट्ने पैसा थिएन । उपचार सुरु गराउने प्रक्रिया नै रोकियो । अनिलको पेटको पीडा बढ्दै गइरहेको थियो । उहाँ छटपटाइरहनुभयो । बिहानसम्म उहाँको अवस्था झन् जटिल बन्न थाल्यो । "म त बाँच्दिन होला । पीर नगर्नु । राम्रोसँग बच्चा हेर्नु", अनिलले श्रीमतीलाई अर्थ्याउनुभयो ।

कालीकोटका अनिल २५ वर्षअघि राम्रो भविष्यको सपना बोकेर काठमाडौं आउनुभएको थियो । राजधानीमा आएपछि उहाँ सडक किनारमा ज्याकेट, टी-सर्टलगायत कपडा बेच्न थाल्नुभयो उहाँले । हातमा सामान झुन्ड्याएर सडकसडक घुमेर व्यापार गर्नु नै उहाँको जीविकोपार्जनको आधार थियो । "व्यापार छैन, केही छैन, "दमाईं भन्नुहुन्छ, "एक-दुई वटा ज्याकेट र टी-सर्ट बेचेर जसोतसो घर चलाइरहेका थियौं तर पछिल्ला वर्षमा महानगरपालिकाले फुटपाथ व्यापार हटाउने अभियान सुरु गरेपछि हामीलाई गाह्रो भयो ।"

अहिले पनि उहाँ सामान बोकेर सडक सडक डुल्नुहुन्छ तर भाग्नुपर्ने, महानगर प्रहरीले समात्ने डर, दिनभर व्यापार गरेर पनि खर्च नउठ्ने अवस्थाले सतायो । अनिल भन्नुहुन्छ, "लुकीलुकी व्यापार गर्नुपर्छ । कहिले भाग्नुपर्छ, कहिले सामान जोगाउनुपर्छ । यसरी घर कसरी चलाउने ?" उहाँको परिवारमा तीन छोरा छन् । उनीहरूको पढाइको खर्च, पाँच हजार रुपैयाँ मासिक कोठाभाडा, ९० वर्षीया वृद्ध आमाको हेरचाह र दैनिक खाना खर्च सबै यही सानो व्यापारबाट चल्थ्यो । बचत गर्ने अवस्था कहिल्यै बनेन ।

पैसाको अभावले पनि मृत्युको डर

अस्पतालमा चिकित्सकले जाँच गरेपछि थाहा भयो, अनिललाई हर्निया रोगले जटिल अवस्थामा पुऱ्याएको रहेछ । त्यसमाथि उच्च रक्तचाप र मधुमेहको समस्या पनि देखियो । तत्काल शल्यक्रिया नगरे ज्यान जोखिममा पर्नसक्ने चिकित्सकले सुझाए । तर शल्यक्रियाको खर्च कसरी जुटाउने ? चिन्ताले सतायो । अनिलका अनुसार त्यसबेला उहाँलाई आफ्नो ज्यानभन्दा पनि पैसाको चिन्ता बढी थियो । "पैसा थिएन । दुखाइ खप्न पनि गाह्रो भयो । बरु मरिहाल्न पाएहुन्थ्यो भनेर आफ्नै मृत्यु पुकार्न बाध्य भए", यति भन्दै गर्दा उहाँको आँखाबाट बरबर आँसु खसिरहेका थिए । अनिलको तयो कारुणिक दृश्यलाई वरपरका अरु बिरामी र कुरुवाले पनि निहाल्दै थिए । त्योबेला रक्तचाप अस्थिर थियो । सुगर पनि नियन्त्रणमा थिएन । शल्यक्रिया गर्दा ज्यान जानसक्ने सम्भावना पनि रहेको चिकित्सकले बताएका थिए । कि मरिहाल्न पाएहुन्थ्यो, कि छिटो उपचार भइदिहाले हुन्थ्यो भन्ने घरी मनमा कुरा खेलिरहेको उहाँ सुनाउनुहुन्छ । शल्यक्रियाको तयारी भइरहँदा चिकित्सकले परिवारका सदस्यलाई बोलाउन भनें । तर अनिलले अस्वीकार गरे । "मैले भनें, उहाँहरूलाई नबोलाउनुस् । मरेपछि मात्रै खबर गरिदिनुस्", त्यो क्षण सम्झँदा अहिले पनि उहाँ भावुक बन्नुहुन्छ ।

"सरकारले केही न केही त गर्ला । पैसा छैन भन्दैमा सरकारी अस्पतालका डाक्टरले आँखै अगाडि छटपटीं छटपटीं म मरेको कुन हृदयले हेर्न सक्लान् र ? भन्ने लाग्यो", अनिल भन्नुहुन्छ, "धन्न यहाँ डाक्टरहरूले मिलेर पैसा उठाउनुभयो र शल्यक्रिया भयो । मेरा लागि उहाँहरु जिउँदो भगवान् बन्नुभयो ।" वीर अस्पतालका चिकित्सक डा सुशील विश्वकर्माले अनिलको त्यो कारुणिक दृश्यलाई निहालिरहनुभएको थियो । "आवश्यक प्रक्रिया पुऱ्याउनुपर्नेलगायत कारण सबै विपन्न वर्गले निःशुल्क उपचार पाउँदैनन् । फेरि उहाँलाई शल्यक्रिया गर्न ढिला भइसकेको थियो । के गर्नु गर्नुभयो ?", उहाँ भन्नुहुन्छ, "त्यो कारुणिक दृश्य धेरै बेर हेरेर बस्नै सकिएन । अनि हामी डाक्टरहरू मिलेर पैसा उठायौं र शल्यक्रिया सुरू भयो ।"

अनिललाई अहिले ती भगवानरुपी डाक्टर नभएको भए आज बाँच्ने थिइन् भन्ने लाग्छ । उहाँका अनुसार शल्यक्रियापछि अस्पतालका चिकित्सकले उपचारमा सहुलियत दिलाउन पनि पहल गरेका थिए तर शल्यक्रिया सफल भए पनि अनिलको परिवारको आर्थिक सङ्कट भने टरेको छैन । अस्पतालको बेडमा सुतेका अनिलको आँखामा गरिबीले दिएको पीडा छचल्किरहेको थियो ।

मोबाइल धितो राखेर औषधि खरिद

श्रीमान् अनिलसँग कुराकानी गरिररहँदा श्रीमती रश्मिला दमाईं मलिन अनुहार लिएर टुलुटुलु हेरेर बसिरहनुभएको थियो । श्रीमान्को भावुक शब्दले रश्मिलाको पनि आँखा रसाइरहेको थियो । श्रीमान् सुतेको बेडको दायाँपट्टि चिन्तित मुद्रामा हुनुहुन्थ्यो उहाँ । अनुहारमा थकान थियो । अनि आँखामा चिन्ताले भरिएको आँसु । भविष्यको अनिश्चितता थियो । पेटमा तीनमहिने बच्चा हुर्किरहेको थियो । अनिलको पहिलो श्रीमतिले छाडेपछि दुई वर्षअघि रश्मिलासँग विहे भएको हो । "यो समयमा डाक्टरले आराम गर्न, पोषिला खानेकुरा खान भन्नुहुन्छ । हामीजस्ता गरिबका लागि यी सब असम्भव कुरा हुन्", आँखाबाट झरेका आँसु कुर्ताको एक छेउले पुछ्दै भन्नुहुन्छ, "अहिले पनि औषधि किन्ने पैसा छैन । आफूसँग भएको मोबाइल नै नजिकैको मेडिकल पसलमा धितो राखेर औषधि ल्याएको छु । अहिले पनि त्यो मोबाइल मेडिकलमै छ ।" उहाँहरुले आफन्तसँग सम्पर्क गर्ने माध्यम पनि त्यही मोबाइल थियो । अहिले कसैलाई फोन गर्नुपरे पनि अरूको मोबाइल माग्नुपर्ने अवस्था छ ।

"श्रीमान् निको भएर घर त आउनुहोला", उहाँ भन्नुहुन्छ "तर त्यसपछि औषधि किन्ने पैसा कहाँबाट ल्याउने ? घरमा खानेकुरा पनि छैन ।" गर्भावस्थाको शरीर । अस्पतालमा निःशुल्क उपलब्ध हुने खानाले धन्न पेट भरिन्छ तर दिउँसो केही खान मन लाग्दा किनेर खाने पैसा नभएको उहाँ सुनाउनुहुन्छ । अहिले श्रीमान्को हेरचाह र फर्किएपछि बालबालिका र वृद्ध आमाको चिन्ता छुट्टै छ ।

अनिल अस्पतालमा हुनुहुन्छ । परिवारको कमाउने सदस्य थलिनुभएपछि घरमा समस्या थपिएको छ । साना छोराहरु स्कुल जान्छन् । घरमा ९० वर्षे आमा हुनुहुन्छ । अहिले ती परिवारका सदस्यका लागि खाना पकाउने र खर्च जुटाउने कोही छैन । यस्तो अवस्थामा घरबेटी र छिमेकीले खाना दिने गरेको रश्मिला बताउनुहुन्छ । "अहिलेसम्म छिमेकीले छोराहरु र आमालाई खाना दिइरहनुभएको छ", उहाँ भन्नुहुन्छ, "काठमाडौंमा आफन्त पनि धेरै हुनुहुन्छ । भएकालेहरु पनि सहयोग गर्नसक्ने स्थितिको हुनुहुन्न ।"

चार महिनाको कोठाभाडा बाँकी

दमाईंको डल्लुको एउटा सानो कोठामा बस्छ । त्यही एउटा कोठामा अनिल, रश्मिला, तीन जना छोरा र वृद्ध आमा गरी छ जनाको परिवार बस्छ । मासिक पाँच हजार रुपैयाँ कोठाभाडा तिर्नुपर्छ । अहिले चार-पाँच महिनाको भाडा तिर्न बाँकी रहेको रश्मिला बताउनुहुन्छ । "कोठाभाडा तिर्न पनि सकेका छैनौं", उहाँ भन्नुहुन्छ, "अब घरबेटीले कहिलेसम्म पर्खिनुहुन्छ थाहा छैन ।"

अस्पतालले खाना दिएको छ । चिकित्सकले पनि सकेको सहयोग गरेका छन् । उपचार खर्चमा केही छुटसमेत भएको छ तर अस्पतालबाट 'डिस्चार्ज' भएपछि औषधि, पोषिलो खाना र नियमित परीक्षणको खर्च कसरी जुटाउने भन्ने चिन्ता झन् ठूलो छ दमाईं दम्पतीका लागि ।

अनिल र रश्मिलाको कथा काठमाडौंमा अनौपचारिक क्षेत्रमा काम गर्ने हजारौं श्रमिक परिवारको प्रतिनिधि कथा हो ।

वीर अस्पतालको बेडमा सुतिरहनुभएका अनिलको शरीरको घाउ केही समयपछि निको होला तर गरिबीले बनाएको घाउ भने यति सजिलै निको हुने देखिँदैन । अनिलको यो कहानी उपचार, गरिबी, रोजगारी, सामाजिक सुरक्षाको अभाव प्रतिनिधिमूलक नेपालको एउटा सशक्त दस्तावेज हो ।

निःशुल्क उपचारमा सहजीकरण गरिने

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने निःशुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयन गर्न लागिएको जनाएको छ । यसका लागि डा नवराज जोशीलाई सम्पर्क व्यक्ति तोकिएको छ ।

– प्रगति ढकाल


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

**लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।**

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः**

- **घर वरिपरि पानी जम्न नदिऔं,**
- **घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,**
- **गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,**
- **शरिर ढाक्ने कपडा लगाऔं,**
- **सुत्दा झुल टाँगेर मात्र सुतौं,**
- **झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।**

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं**

नेपाल सरकार,
विज्ञापन वोर्ड


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# माछापालनलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाइनेछः कृषिमन्त्री

नारायणगढ । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले मुलुकका प्राकृतिक जलस्रोतको समुचित सदुपयोग गर्दै मत्स्यपालन (माछापालन)लाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण र आत्मनिर्भर आधारका रूपमा विकास गर्ने बताउनुभएको छ ।

नेपाल मत्स्य विकास सङ्घको शुक्रबार चितवनको खैरहनीमा भएको प्रथम साधारणसभामा मन्त्री चौधरीले कृषि र वन क्षेत्रको विकासबिना मुलुकको समृद्धि सम्भव नरहेकाले किसानको मुहारमा खुसी ल्याउनेगरी नीतिगत र प्रशासनिक सुधार भइरहेको बताउनुभयो । उहाँले हप्ताको तीन दिन (शुक्रबार, शनिबार र आइतबार) लाई 'फिल्ड डे'का रूपमा छुट्याएर प्रत्यक्ष रूपमा किसानको माझ पुग्ने गरेको जानकारी दिँदै प्राविधिक ज्ञानको कमी, समयमा सूचना नपुग्नु तथा सरकारी अनुदान र सुविधाका बारेमा जानकारी नहुँदा किसान समस्यामा परेको उल्लेख गर्नुभयो ।

मन्त्री चौधरीले भन्नुभयो, "नेपाल जलस्रोतमा धनी मुलुक हो । हामीले अरू क्षेत्रमा जस्तै माछा उत्पादनमा पनि छिट्टै पूर्ण रूपमा आत्मनिर्भर बन्नुपर्छ ।" उहाँले उन्नत जातका भुरा, गुणस्तरीय दाना, आधुनिक प्रविधि, नयाँ प्रजातिको अनुसन्धान, डिजिटल प्लेटफर्म र गुणस्तर प्रमाणीकरणमा सरकारले जोड दिएको जानकारी दिनुभयो । विदेशबाट गैरकानुनी र चोरी तस्करीका माध्यमबाट हुने माछाको आयात रोक्न गृह मन्त्रालयसहित सरोकार भएका निकायसँग निरन्तर समन्वय तथा सहकार्य भइरहेको कृषिमन्त्री चौधरीले जानकारी दिनुभयो । उहाँले अवैध आयातलाई कडाइका साथ नियन्त्रण गर्दै स्वदेशी उत्पादनलाई प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । विगतमा कतिपय क्षेत्रलाई एउटै छातामुनि राखेर काम गरिए पनि अब प्रविधिसँगै विशिष्टीकरणको युग आएकाले माछा, पशुपन्छी र वन्यजन्तु क्षेत्रलाई छुट्टाछुट्टै विशिष्टीकृत बनाएर नीतिगत सुदृढीकरण गर्न लागिएको मन्त्री चौधरीले जानकारी दिनुभयो । किसानलाई प्रोत्साहन गर्न सहुलियतपूर्ण विद्युत् महसुल, मूल्य अभिवृद्धि कर (भ्याट) मा छुट तथा उत्पादनमा आधारित प्रत्यक्ष अनुदानका विषयमा मन्त्रालयले पहल गरिसकेको उल्लेख गर्दै शीघ्र नीतिगत रूपमा कार्यान्वयनमा ल्याइने उहाँले बताउनुभयो । निजी र सरकारी क्षेत्रबीच बलियो सहकार्य र साझा दायित्व निर्माण नभएसम्म कृषिको दिगो विकास सम्भव नरहेको उहाँको धारणा छ। राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकालले भारतबाट भित्रिने अखाद्य माछाको आयात रोकेर स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । स्वदेशी किसानका समस्या समाधान गर्न राज्य गम्भीर हुनुपर्ने भन्दै उहाँले भन्नुभयो, "हामीले बाहिरबाट 'फर्मालिन' र 'नाइट्रेट' हालेर ल्याइएका अखाद्य माछा खाने कि हाम्रा किसानले स्वदेशमै उत्पादन गरेका माछालाई बजार दिने भन्ने आजको मुख्य चुनौती हो ।"

अघिल्लो कार्यकालदेखि माछा किसानका समस्या समाधानका लागि पहल भइरहेको उल्लेख गर्दै सांसद ढकालले किसानका मुद्दालाई तार्किक निष्कर्षमा पुर्‍याउने अभियान अझै जारी रहेको बताउनुभयो । कार्यक्रममा नेपालका लागि बङ्गलादेशका राजदूत मोहम्मद शफिकुर रहमानले बङ्गलादेशले विगत चार दशकमा आफ्नो मत्स्य क्षेत्रमा उल्लेख्य प्रगति गर्दै माछा उत्पादन छ गुणाभन्दा बढीले बढाएको जानकारी दिनुभयो । उहाँले बङ्गलादेशले वार्षिक करिब ५१ लाख १५ हजार मेट्रिक टन माछा उत्पादन गरिरहेको जानकारी दिँदै आन्तरिक मत्स्यपालन र जलकृषिको योगदान कुल उत्पादनको करिब ८८ प्रतिशत रहेको उल्लेख गर्नुभयो ।

राजदूत रहमानले बङ्गलादेशमा जस्तै नेपालमा पनि जलस्रोतको प्रचुर सम्भावना रहेकाले सरकारले सही नीति र प्रोत्साहनका साथ माछापालन क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा धारणा राख्नुभयो । नेपालले पनि किसानलाई प्रविधि, अनुदान र बजारको उचित व्यवस्थापन गरे यो क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने उहाँको भनाइ छ । पशु सेवा विभागका महानिर्देशक डा उमेश दाहालले नेपाल मत्स्य उत्पादनमा तीव्र प्रगति गर्दै आत्मनिर्भरतातर्फ अघि बढिरहेको बताउनुभयो । उहाँले व्यवसायी र किसानहरूको प्रयासका कारण हाल मुलुकभित्रै वार्षिक करिब एक लाख ३१ हजार मेट्रिक टन माछा उत्पादन भइरहेको जानकारी दिनुभयो । उहाँले हालै करिब रु दुई करोडबराबरको स्वदेशी माछा निर्यात सुरु भइसकेकाले नेपाल आयातमा मात्र सीमित नरहेको प्रस्ट पार्नुभयो । माछामा आत्मनिर्भर हुन क्वारेन्टाइन, बजार व्यवस्थापन र नीतिगत तथा प्राविधिक समस्या समाधानका लागि विभाग तथा मन्त्रालय प्रतिबद्ध रहेको महानिर्देशक दाहालले बताउनुभयो ।

कालीमाटीसहित प्रमुख बजारमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिएपछि मात्रै अपुग भएमा वैधानिक आयातको व्यवस्था मिलाइने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रकी प्रमुख सरिता गौतमले जलजैविक विविधताको संरक्षण र प्रववर्द्धनबिना मुलुकमा दिगो रूपमा मत्स्यपालन सम्भव नरहेको बताउनुभयो । मत्स्य क्षेत्रको समग्र विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले सरकार एक्लैको प्रयासले यस क्षेत्रको अपेक्षित उन्नति सम्भव नहुने धारणा व्यक्त गर्नुभयो ।

प्रमुख गौतमले सरकारको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा प्रदेश सरकारमार्फत विभिन्न कार्यक्रम सञ्चालन भइरहेका भन्दै माछा उत्पादन क्षेत्रमा सङ्कलन केन्द्र र चिलिङ सुविधा स्थापना गर्नेलगायत पूर्वाधार विकासका काम तीव्र रूपमा अघि बढाइएको जानकारी दिनुभयो । उहाँले राष्ट्रिय मत्स्य विकास नीतिको प्रमुख उद्देश्य जलजैविक विविधताको संरक्षण गर्नु रहेको बताउँदै सोही नीति अनुरूप हाल विभिन्न प्रवर्द्धन तथा संरक्षणका कार्यक्रम सञ्चालन भइरहेका उहाँले उल्लेख गर्नुभयो ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान सङ्कायका डिन डा शङ्करराज बर्सेला र नेपाल मत्स्य समाजकी अध्यक्ष डा सुनिला राईले देशमा मत्स्य क्षेत्रको दिगो विकास तथा विस्तारका लागि सही ठाउँमा सही जनशक्तिको नीति पूर्ण रूपमा लागू गरिनुपर्नेमा जोड दिनुभयो ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयले २०७० सालदेखि सुरु गरेको मत्स्य विज्ञानमा स्नातक (बिएससी फिसरिज) कार्यक्रम मार्फत हालसम्म आठवटा शैक्षिक समूहका १३० दक्ष जनशक्ति उत्पादन भई बजारमा आइसकेका डिन डा बर्सेलाले जानकारी दिनुभयो । क्वारेन्टाइन नाकामा अखाद्य तथा अस्वस्थकर माछाको आयात नियन्त्रण गर्न प्राविधिक रूपमा दक्ष मत्स्य विकास अधिकृत नियुक्त गर्नुपर्ने उहाँहरूको भनाइ छ ।

कार्यक्रममा सङ्घमा आबद्ध देशभरका प्रतिनिधिको सहभागिता थियो। आज उद्घाटन भएको अधिवेशनले शनिबार नयाँ नेतृत्व चयन गर्नेछ । उद्घाटन समारोहमा सङ्घका सल्लाहकार डा माधवकुमार श्रेष्ठ, नेपाल मत्स्य व्यवसायी सङ्घका संस्थापक अध्यक्ष तुलसी गिरी, बेगनास मत्स्य अनुसन्धान केन्द्र कास्कीका प्रमुख डा इकबाल हुसेन, कैलालीका अग्रणी मत्स्यपालक किसान कृष्ण गिरी, राष्ट्रिय सिँचाइ तथा जल उपभोक्ता महासङ्घका अध्यक्ष शम्भुप्रसाद दुलाल, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य शङ्कर गिरी, नेपाल उद्योग वाणिज्य महासङ्घ चितवनका अध्यक्ष उमेशचन्द्र सापकोटा, नेपाल फिसरिज टेक्निसियन एसोसिएसनका अध्यक्ष सुभाषकुमार झालगायतले आआफ्नो धारणा राख्नुभएको थियो ।

# सरकार र डिल्ली हरिजनबीच पाँच बुँदे सहमति

काठमाडौँ । एमबीबीएस तथा बीडीएस इन्टर्न चिकित्सकको स्टाइपेन्ड एकरूपता लगायतका माग राख्दै आमरण अनशनमा बसेका इन्टर्न चिकित्सक डिल्ली हरिजन र सरकारबीच पाँच बुँदे सहमति भएको छ । सहमतिसँगै वीर अस्पताल परिसरमा चार दिनदेखि अनशनरत हरिजनले आज अनशन तोड्नुभएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा सरकारी वार्ता टोली र 'एमबीबीएस तथा बीडीएस इन्टर्न स्टाइपेन्ड एकरूपता अभियान' का प्रतिनिधि हरिजनबीच भएको वार्तापछि सहमति जुटेको हो । सहमतिपछि सरकारी वार्ता टोलीले हरिजनलाई जुस खुवाएर अनशन अन्त्य गराएको थियो । हरिजन यही साउन १९ गतेदेखि आमरण अनशन बस्नुभएको थियो । सहमतिअनुसार एमबीबीएस, बीडीएस लगायत एक वर्षे इन्टर्नसिप कार्यक्रमका विद्यार्थीलाई स्वास्थ्य सेवाको आठौँ तहको प्रारम्भिक तलब स्केलको ५० प्रतिशत बराबर निर्वाह भत्ता उपलब्ध गराउने विषयमा यही साउन २८ गते सरोकारवालाबीच विस्तृत छलफल हुनेछ । छलफलमा शिक्षा तथा खेलकुद मन्त्रालय, चिकित्सा शिक्षा आयोग, विभिन्न विश्वविद्यालय, निजी मेडिकल तथा डेन्टल कलेजका प्रतिनिधि तथा आन्दोलनरत इन्टर्न चिकित्सक सहभागी हुनेछन्। त्यसपछि प्राप्त निष्कर्षलाई चिकित्सा शिक्षा आयोगको बैठकमा प्रस्तावका रूपमा लैजाने सहमति भएको छ । त्यसैगरी, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार आयोगको बैठकमा स्टाइपेन्ड अभियानका प्रतिनिधिलाई अनिवार्य रूपमा आमन्त्रण गर्ने विषयमा पनि साउन २८ गते छलफल गरिने भएको छ ।

सबै मेडिकल शिक्षण संस्थामा समान रूपमा लागू गर्न समिति गठन गरी प्रतिवेदन तयार गर्ने र त्यसका आधारमा कार्यान्वयन अघि बढाउने उल्लेख छ। मेडिकल कलेजहरूले स्वीकृत शुल्कभन्दा बढी असुलेको अतिरिक्त शुल्क (एक्स्ट्रा फी) छानबिन गरी फिर्ता गर्ने तथा सरकारले स्वीकृत गरेको शुल्क मात्र लागू गराउने विषयमा सरोकारवालासँग छलफल गरिने सहमति भएको छ ।

# रास्वपाले संसद्को हाजिरी विश्लेषण गर्ने

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलले संसद् बैठकमा सांसदहरूको उपस्थिति र हाजिरीको विश्लेषण गर्ने निर्णय गरेको छ ।

मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले शुक्रबार जारी गरेको सूचनाअनुसार पछिल्लो समय संसद्मा अपेक्षित उपस्थिति नहुने, बैठकको सुरुमा उपस्थित भएर बीचमै बाहिरिने क्रम बढ्दै गएको भन्दै त्यसको विश्लेषण गर्न लागिएको हो । यसका लागि गत असार ३० र ३१ गते तथा साउन १४, १८ र २२ गतेका प्रतिनिधिसभा बैठकको हाजिरी संसद् सचिवालयबाट झिकाइ सात दिनभित्र प्रतिवेदन पेस गर्ने जिम्मेवारी रास्वपाका सचेतक प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धितालालाई दिइएको सूचनामा उल्लेख छ ।

# २४ घण्टामा १८१ सवारी चालक कारबाहीमा

काठमाडौँ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले पछिल्लो २४ घण्टामा ट्राफिक नियम उल्लङ्घन गरेको आरोपमा एक हजार २८१ सवारी चालकलाई कारबाही गरेको छ।

कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार सबैभन्दा बढी अन्य विभिन्न ट्राफिक कसुरमा ७८६ चालक कारबाहीमा परेका छन् । त्यसैगरी तीव्र गतिमा सवारी चलाउने १४३, रेड लाइट उल्लङ्घन गर्ने ६८, सिसीटिभीमार्फत ८५, मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ६५, लेन अनुशासन उल्लङ्घन गर्ने ४१, अवस्था ठीक नभएका सवारी ३०, वान-वे उल्लङ्घन गर्ने २२ तथा हर्नको दुरुपयोग गर्ने ४१ चालकलाई कारबाही गरिएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

उहाँका अनुसार उपत्यकामा बढ्दो सवारी चापका बीच ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनका लागि दैनिक निगरानी तथा कारबाहीलाई तीव्र पारिएको छ। ट्राफिक प्रहरीले सवारी चालकलाई गति नियन्त्रणमा राख्न, ट्राफिक बत्तीको पालना गर्न, लेन अनुशासन कायम गर्न तथा सुरक्षित रूपमा सवारी चलाउन आग्रह गरेको छ । साथै, नियम उल्लङ्घन नगरी जिम्मेवार ढङ्गले सवारी सञ्चालन गर्न सबै चालकलाई अनुरोध गरेको छ ।

# बारको शुल्कसम्बन्धी विवाद निरुपण

काठमाडौँ । नेपाल बार एसोसिएनको निर्वाचनमा उम्मेदवारले बुझाउनपर्ने शुल्कसम्बन्धी विवादको विषय निरुपण भएको छ ।

सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले बारको निर्वाचन समितिलाइ निर्वाचन शुल्क निर्धारण गर्न पाउने कानुनी हक भएको ठहर गरेपछि त्यससम्बन्धी विवाद अन्त्य भएको हो । आदेशमा भनिएको छ, "नेपाल बार एसोसिएसनको विनियम, २०४९ मा उम्मेदवारका लागि निर्वाचन समितिले उपयुक्त सम्झेको शुल्क तोक्ने अधिकार रहेको र यसअघि सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त पनि रहेको छ ।"

अदालतले बार एसोसिएसन राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम स्थापित भएको संस्था रहेकाले आफ्नो काम कारवाही अगाडि बढाउन विधान २०४८ ले प्रष्ट रुपमा उल्लेख गरेको जनाएको छ ।

स्वतन्त्र कानुन व्यवसायी मञ्चका कार्यवाहक अध्यक्ष अधिवक्ता हरिचन्द्र भट्टराईसमेतले नेपाल बारलाई विपक्षी बनाई बारको निर्वाचन शुल्क धेरै भएको भएको जनाउँदै त्यसलाई बदर गरी पाउँ भनी रिट निवेदन दायर गर्नुभएको थियो ।

# मोबाइल सेवाको गुणस्तर सुधार र सेवा विस्तारमा ध्यान दिन दूरसञ्चार प्राधिकरणको निर्देशन

काठमाडौँ । नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेवाको गुणस्तर सुधार, उपभोक्ता हित संरक्षण तथा दूरसञ्चार सेवाको पहुँच विस्तारलाई प्राथमिकतामा राख्दै मोबाइल सेवा प्रदायक कम्पनीलाई विभिन्न निर्देशन जारी गरेको छ ।

प्राधिकरणले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार दूरसञ्चार ऐन, २०५३ को दफा १५ बमोजिम मोबाइल सेवा प्रदायकहरूलाई सेवा सुधार तथा नियामकीय अनुपालनका लागि आठ बुँदे निर्देशन दिइएको हो ।

प्राधिकरणले मोबाइल सेवाको गुणस्तर (क्वालिटी अफ सर्भिस-क्युओएस), रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको प्रभावकारी उपयोग, अनुमतिपत्रका शर्तहरूको पालना तथा उपभोक्ता हित संरक्षणलाई थप प्रभावकारी बनाउन यी निर्देशन जारी गरिएको जनाएको छ । पछिल्लो समय मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर, नेटवर्क अवरोध, ग्राहक गुनासो व्यवस्थापन र ग्रामीण क्षेत्रसम्म सेवा विस्तारका विषयमा उपभोक्ताबाट गुनासो बढिरहेका बेला प्राधिकरणको यो निर्णय आएको हो । प्राधिकरणले सेवा प्रदायकलाई नेटवर्कको विश्वसनीयता, सेवाको गुणस्तर र ग्राहक अनुभव सुधार गर्न निर्देशन दिएको छ। यसका लागि प्राधिकरणले निर्धारण गरेका प्रमुख कार्यसम्पादन सूचक (केपीआई) पूरा भए-नभएकोसम्बन्धी प्रतिवेदन नियमित रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । सेवा प्रदायकले आफ्नो नेटवर्कको अवस्था, सेवा अवरोध, डेटा गति तथा ग्राहक सन्तुष्टिको अवस्थाबारे नियमित जानकारी नियामक निकायलाई उपलब्ध गराउनु पर्नेछ । उपभोक्ता सेवा सुधारलाई विशेष प्राथमिकता दिँदै प्राधिकरणले ग्राहक सहायता प्रणालीलाई प्रविधिमैत्री बनाउन आग्रह गरेको छ। सेवा प्रदायकले उपभोक्ता बडापत्रको प्रभावकारी कार्यान्वयन गुपर्ने, २४सै घण्टा गुनासो सुनुवाइका लागि नवीनतम प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्नुपर्ने र गुनासो समाधान प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने निर्देशन दिइएको छ। साथै ग्राहक सन्तुष्टि सर्वेक्षण नियमित सञ्चालन गरी प्राप्त सुझावका आधारमा सुधारात्मक कार्य गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मोबाइल सेवा नपुगेका वा गुणस्तरीय सेवा उपलब्ध नभएका क्षेत्रको पहिचान गरी प्राथमिकताका आधारमा नेटवर्क विस्तार गर्न पनि प्राधिकरणले निर्देशन दिएको छ । विशेषगरी औद्योगिक क्षेत्र, व्यापारिक केन्द्र तथा मुख्य सहरी क्षेत्रमा उच्च गतिको मोबाइल ब्रोडब्यान्ड सेवा विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ । साथै सेवा प्रदायकले दूरसञ्चार सेवा पुगेका स्थानको विवरण नेपालको नक्सामा समावेश गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मोबाइल सेवा (फोर-जी) विस्तार र यसको गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिएको छ । साथै प्रमुख सहरहरूबाट पाँचौं पुस्ताको मोबाइल सेवा (फाइभजी) सुरु गर्न चरणबद्ध योजना तयार गरी प्राधिकरणमा पेस गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिइएको छ। यसले आगामी दिनमा नेपालमा उच्च गतिको मोबाइल इन्टरनेट सेवाको विस्तार र नयाँ प्रविधिको प्रयोगलाई गति दिने अपेक्षा गरिएको छ ।

## होटलमा लगानी विस्तार गर्न मुख्यमन्त्री आचार्यको आग्रह

रुपन्देही । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पर्यटकीय गन्तव्यमा पर्यटकको बसाइ अवधि लम्ब्याउन सुविधासम्पन्न होटल तथा गुणस्तरीय आतिथ्य सेवामा निजी क्षेत्रले लगानी विस्तार गर्नुपर्ने बताउनुभएको छ । होटल सङ्घ नेपाल, लुम्बिनी प्रदेश तदर्थ समिति गठन तथा घोषणा कार्यक्रममा शुक्रबार मुख्यमन्त्री आचार्यले पर्यटक आगमन बढाउनुमात्र पर्याप्त नभई उनीहरूलाई लामो समयसम्म बस्ने वातावरण सृजना गर्न आवश्यक रहेको बताउनुभयो ।

उहाँले पर्यटकीय सम्भावना भएका नयाँ गन्तव्यको पहिचान गरी त्यहाँ सुविधासम्पन्न होटल सञ्चालनमा निजी क्षेत्रलाई लगानी गर्न आग्रह गर्नुभयो । उहाँले गुणस्तरीय सेवा, आवास र आतिथ्य व्यवस्थाले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने उल्लेख गर्नुभयो । मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको बताउँदै पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । भैरहवा र रुपन्देहीका व्यवसायीले रात्रिकालीन व्यवसाय सञ्चालनको माग गरिरहेको उल्लेख गर्दै उहाँले सुरक्षा निकायसँग समन्वय गरी २४सै घण्टा होटल व्यवसाय सञ्चालन गर्न सकिने वातावरण बनाउन प्रदेश सरकार सकारात्मक रहेको बताउनुभयो ।

मुख्यमन्त्री आचार्यले भारतीय अधिकारीहरूसँग पर्यटन प्रवर्द्धनका विषयमा छलफल भएको जानकारी दिँदै भारतीय पर्यटकलाई लक्षित गरी उनीहरूको स्वाद र संस्कृतिअनुसारका शाकाहारी भोजन उपलब्ध गराउने होटल सञ्चालनको राम्रो सम्भावना रहेको उल्लेख गर्नुभयो । उहाँले प्रदेशमा सडक पूर्वाधार विस्तारले उल्लेखनीय प्रगति गरेकाले अब पर्यटकलाई गन्तव्यसम्म पुर्‍याउनेभन्दा पनि त्यहाँ गुणस्तरीय आवास, सेवा सुविधा र पर्यटनमैत्री वातावरण विकासमा ध्यान केन्द्रित गर्नुपर्ने धारणा राख्नुभयो । राज्य र निजी क्षेत्रबीचको सहकार्यलाई समृद्धिको आधार बताउँदै मुख्यमन्त्री आचार्यले निजी क्षेत्रको सम्मान र संरक्षण प्रदेश सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । निजी क्षेत्रका समस्या समाधानमा सरकार सहकार्य गर्न तयार रहेको उहाँको भनाइ थियो ।

मुख्यमन्त्री आचार्यले चालु आर्थिक वर्षको बजेटमार्फत युवा उद्यमशीलता प्रवर्द्धन, कृषि तथा उद्यम क्षेत्रमा सहुलियतपूर्ण लगानी र ब्याज अनुदानका कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले यस्ता कार्यक्रमले पर्यटनसँगै प्रदेशको समग्र आर्थिक गतिविधिलाई समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

## भरतपुर अस्पताललाई बिमामार्फत एक वर्षमा एक अर्ब प्राप्त

चितवन । भरतपुर अस्पतालले स्वास्थ्य बिमाबाट बिरामीलाई सेवा दिएवापत एक वर्षको अवधिमा रु एक अर्ब ५७ लाख ९७ हजार ८३२ प्राप्त गरेको छ । गत आर्थिक वर्षको छ महिना र अघिल्लो वर्षको बाँकी भुक्तानीबाट उक्त रकम प्राप्त भएको अस्पताल प्रशासनले जनाएको छ ।

मुलुकका सरकारी अस्पताल हरूमा स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत सबैभन्दा बढी बिरामीलाई सेवा दिने अस्पतालमा भरतपुर पर्दछ । स्वास्थ्य बिमा कार्यक्रमका प्रमुख लिलाधर पौडेलका अनुसार गत आर्थिक वर्षमा अस्पतालले बिमामार्फत चार लाख ९३ हजार ४४९ पटक सेवा दिइएको छ । अस्पतालले आर्थिक वर्ष २०७४/७५ देखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरेको हो । यो अवधिमा १९ लाख ७० हजार ३५२ पटक सेवा दिइएको छ ।

यसबापत अस्पतालले हालसम्म रु तीन अर्ब ४८ करोड छ लाख २० हजार १६२ रकम प्राप्त गरिसकेको पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालको बिमा कार्यक्रममा २४सै घण्टा कर्मचारी बसेर दाबी भुक्तानीको काम गरिरहेका छन् । देशका अन्य अस्पताल हरूबाट समेत स्वास्थ्य बिमा कार्यक्रमको यहाँबाट भइरहेका कामको प्रकृति हेर्न र सिक्न आउने गर्दछन् ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा विश्वबन्धु बगालेले अस्पतालमा आउने बिरामीमध्ये ७० प्रतिशत हाराहारी स्वास्थ्य बिमाको भएका बताउनुभयो । तीसहित सबै बिरामीका लागि एकै दिनमा सेवा दिने गरी सहज व्यवस्थापन गर्ने काम भइरहेको उल्लेख गर्दै उहाँले पालो कुर्नुपर्ने सेवाहरूमा समय कम गर्दै लगिएको जानकारी दिनुभयो । नगद काउन्टर थप गरिएको, टिकटलाई अनलाइन गरिएको, शल्यक्रियाको पालो घटाउँदै लगिएको, टिकटको समय बढाइएको भन्दै उहाँले अन्य सेवालाई पनि क्रमशः सहज बनाइने बताउनुभयो । देशभरका अस्पतालहरूमा भरतपुर अस्पतालको स्वास्थ्य बिमा योजना नमुना कार्यक्रमका रूपमा लिने गरिएको उहाँको भनाइ छ ।

अस्पतालमा पछिल्लो समय बिरामीको उच्च चाप हुने गरेको छ । बहिरङ्ग (ओपिडी) सेवामा एकै दिन गत मङ्गलबार तीन हजार ७५१ जना बिरामी आएका थिए । जसमध्ये स्वास्थ्य बिमाका मात्रै दुई हजार ९४८ रहेका थिए ।

यहाँ चितवनसहित २२ जिल्लाबाट नियमित बिरामी आउने गरेका छन् । ठूलो सङ्ख्यामा चितवन र छिमेकी जिल्लाबाट बिरामी आउने गर्दछन् ।

## संविधान संशोधन गर्दा संविधानभित्रका संवेदनशीलता बुझ्नुपर्छ : थापा

काठमाडौँ । नेपाली काङ्ग्रेसका सभापति गगनकुमार थापाले संविधानमा समसामयिक विषय संशोधन हुनसक्ने भए पनि त्यस भित्रका संवेदनशीलता बुझ्नुपर्ने पर्नेमा जोड दिनुभएको छ ।

नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई शुक्रबार सम्बोधन गर्दै सभापति थापाले संविधान भित्रका संवेदनशीलता बुझ्न नसके मुलुक दुर्घटनामा जान सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले संविधानमा नागरिकले प्राप्त गरेका हकअधिकार बढाउनुपर्नेमा जोड दिनुभयो ।

सभापति थापाले काङ्ग्रेस मुलुकको राष्ट्रिय पार्टी र राष्ट्रिय शक्ति भएको बताउँदै मुलुकमा ठूला सङ्कट आउँदा समाधान गर्ने र लोकतान्त्रिक आन्दोलन तथा संविधान सभाबाट संविधान जारी गर्नेसम्मका कार्य काङ्ग्रेसको नेतृत्व मै सफलता प्राप्त भएको बताउनुभयो ।

सभापति थापाले भन्नुभयो, "लोकतन्त्रमा सरकार जति महत्वपूर्ण हुन्छ, प्रतिपक्ष पनि त्यति नै महत्वपूर्ण हुन्छ, प्रतिपक्षी दलका नाताले हामीले सरकारलाई निरन्तर खबरदारी गर्नुपर्छ ।" उहाँले लोकतन्त्रमा सबै नागरिक समान हुने र कानुन भन्दा माथि कोही पनि नहुँदै बताउनुभयो । कार्यक्रममा काङ्ग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले आदिवासी जनजातिको पहिचानसँग गासिएका हकअधिकारको रक्षाका लागि सरोकारवाला सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो । ठूलो बलिदानीले लडेर ल्याएको आदिवासी जनजातिको पहिचानसँग जोडिएका संविधानको उपलब्धी जोगाउन सचेत हुनुपर्ने बताउनुभयो । नेता आङदेम्बेले प्राप्त संवैधानिक अधिकार बचाएर लैजानुपर्ने र लोकप्रियताका नाममा यसलाई समाप्त पार्ने षड्यन्त्र हुनसक्ने उल्लेख गर्दै त्यस्ता प्रवृत्ति तथा पात्रप्रति सचेत हुनुपर्ने उल्लेख गर्नुभयो ।

नेता आङदेम्बेले काङ्ग्रेसले नै त्यो उपलब्धिलाई जोगाउन सक्ने विश्वास दिलाउँदै यी अधिकार पनि व्यवहारमा उतार्न पनि काङ्ग्रेस नेतृत्वको आवश्यकता औंल्याउनुभयो । उहाँले आदिवासी, जनजाति, महिला, मधेसी, पिछडिएका सबै वर्ग र समुदायका आवाज सबैले बोल्नुपर्ने बताउनुभयो ।

### शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा प्रगति

भक्तपुर । मध्यपुरथिमि नगरपालिकाले चार वर्षको अन्तरालमा ९३ दशमलव ३९ प्रतिशतले आन्तरिक राजस्व सङ्कलन वृद्धि गरेको छ । नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन, राजस्व व्यवस्थापनलगायत क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

शुक्रबार क्रियाशील पत्रकार मञ्च भक्तपुरले भक्तपुरमा आयोजना गरेको 'मध्यपुरथिमि नगरपालिकाको चारवर्षे विकास र उपलब्धिताबारे सञ्चारकर्मीसँग अन्तर्क्रिया' कार्यक्रममा नगरप्रमुख सुरेन्द्र श्रेष्ठले कुनै किसिमको कर वृद्धि नगरे पनि तीन गुणा राजस्व सङ्कलन भएको बताउनुभयो । नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा रु ५२ करोड ५६ लाख एक हजार ४२७ आन्तरिक राजस्व सङ्कलन गरेको जनाउँदै आव २०८१/८२ मा रु २७ करोड १७ लाख ५८ हजार ५८५ सङ्कलन भएको बताउनुभयो । उहाँका अनुसार आव २०८१/८२ को तुलनामा २०८२/८३ को राजस्व सङ्कलन ९३ दशमलव ३९ प्रतिशतले बढी हो । नगरप्रमुख श्रेष्ठले आव २०७८/७९ मा रु १८ करोड ४५ लाख ९४ हजार ६६७, आव २०७९/८० मा रु २४ करोड १३ लाख ३८ हजार ७४८, आव २०८०/८१ मा ३० करोड चार लाख ४४ हजार ५६५ राजस्व सङ्कलन भएको जानकारी दिनुभयो । कर नतिरेर बसेका ठूला व्यवसायीहरूसँग कर सङ्कलन गर्न सफल भएको, करको दायरामा नआएका व्यवसायलाई करको दायरामा ल्याइएको, करको दायरा विस्तार गर्दै करको नीतिमा सुधार ल्याउनेलगायत सकारात्मक पहल थालिएकाले राजस्व सङ्कलन वृद्धि भएको उल्लेख गर्नुभयो ।

## पाँच जना फरार प्रतिवादी पक्राउ

गण्डकी । जिल्ला प्रहरी कार्यालय, कास्कीले विभिन्न मुद्दाका पाँच जना फरार प्रतिवादीलाई बिहीबार पक्राउ गरेको छ ।

चेक अनादर कसुरमा तीन र लागुऔषध सम्बन्धी कसुरमा दुई जनालाई नियन्त्रणमा लिई कैद सजाय तथा जरिवाना असुलका लागि शुक्रबार अदालतमा पेस गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । पक्राउ परेका प्रतिवादीबाट रु नौ हजार ६०० जरिवाना रकम असुलउपर हुने उहाँको भनाइ छ ।

कास्की प्रहरीले विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका प्रतिवादी नियन्त्रणमा तीव्रता दिँदै आएको छ । गत महिना ६६ जना प्रतिवादी पक्राउ परेका थिए ।

## मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई समयसापेक्ष बनाउनुपर्छ

काठमाडौँ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक समयसापेक्ष हुनुपर्नेमा सांसदहरूले जोड दिनुभएको छ । उक्त विधेयकमाथि महिला, कानुन र विकास मञ्चले प्रतिनिधिसभाका सांसद हरूसँग गरेको छलफलमा सहभागीहरूले संशोधन विधेयकमा अधिकांश विषय भन्दै यसमा गरिएको व्यवस्थालाई अझ परिमार्जन गर्नसके समय सापेक्ष हुनेमा जोड दिनुभएको हो ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले आज प्रतिनिधि सभामा प्रस्तुत गर्नुभएको 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयक, २०८३' मा थप २२ वटा बुँदा संशोधन गरेमा समयसापेक्ष हुने विषयमा सांसदहरूले पनि ऐक्यबद्धता जनाउनुभयो ।

कार्यक्रममा सांसद प्रेमबहादुर वैयकले कम्बोडिया र अस्ट्रेलियामा भएका मानव तस्करीको घटनाबारे छलफलमा सहभागीलाई सुनाउनुभयो । त्यस्ता घटना दोहोरिन नदिन यो विधेयकमा के व्यवस्था गर्न सकिन्छ भनेर उहाँले सुझाव माग्नुभयो । सांसद सुशीला ढकाल आचार्यले विदेशमा रहेका पीडितलाई कानुनी सहायता राख्न के गर्न सकिन्छ भनेर संशोधनका लागि सुझाव माग गर्नुभयो ।

छलफलमा विष्णुमाया परियार, साजदा सिद्धिकी, यशोदा बराल, पवित्रा विश्वकर्मा, राधिका रम्तेल, सिर्जना श्रेष्ठ, प्रभा कार्की, सरस्वती लामा, खेमराज कोइरालालगायत सांसदहरूले नेपालमा मानव बेचबिखन र ओसारपसारका आयामका बारेमा आआफ्नो धारणा राख्नुभएको थियो । उहाँहरूले बेचबिखनमा बालबालिका र महिला बढी पीडित हुने गरेका बताउनुभयो । पछिल्लो समय पुरुष पनि पीडित हुने भएकाले सबैलाई समेट्ने गरी कानुन निर्माण हुनुपर्नेमा सांसदहरूको जोड छ । 'ऐनमा के छ ?', 'संशोधन विधेयकमा के आएको छ ?', 'के विषय थप्दा वा हटाउँदा अझ राम्रो हुनसक्छ ?' भनेर मञ्चले सांसदहरूलाई सहजीकरण गरिदिएको थियो । मञ्चका अनुसार ६० जनाभन्दा बढी सांसदहरूबीच भएको उक्त छलफल कार्यक्रम 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) पहिलो संशोधन विधेयकको गहिराइसम्म पुग्न सहयोग गर्ने विश्वास गरिएको छ । मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले कार्यक्रममा सहजीकरण गर्दै विधेयकलाई पूर्ण बनाउन सांसदहरूले संशोधन प्रस्ताव राखेर सहयोग गर्नुपर्ने बताउनुभयो ।

## एसियाड तयारीलाई बक्सिङ टोली भारत जाँदै

काठमाडौँ । बक्सिङ टोलीले बीसौँ एसियाली खेलकुदको तयारी प्रशिक्षण भारतको आसामस्थित गुवाहटीमा गर्ने भएको छ । यसका लागि सात खेलाडीसहित नौ सदस्यीय नेपाली टोली सोमबार भारत जाँदैछ ।

जापानको आइची/नागोयामा आगामी असोज ३ गतेदेखि सुरु हुने एसियाली खेलकुदमा चार पुरुष र तीन महिला मुक्केबाजले नेपालको चुनौती पेस गर्नेछन् । पुरुष ५५ केजीमुनि चन्द्रबहादुर थापा, ६० केजीमुनि खगेन्द्र रोकामगर, ७० केजीमुनि दानबहादुर दर्लामी र ९० केजीमुनि रविन नेपालले प्रतिस्पर्धा गर्नेछन् । महिला ५१ केजीमुनि रमिशा श्रेष्ठ, ५४ केजीमुनि अस्मिता तामाङ र ६५ केजीमुनि कुसुम तामाङ सहभागी हुनेछन् ।

खेलाडीले स्पोर्ट्स अथोरिटी अफ इन्डिया (साइ) अन्तर्गत नेसनल सेन्टर अफ एक्सिलेन्समा ४० दिन तयारी प्रशिक्षण गर्ने नेपाल बक्सिङ महासङ्घका सचिव पुष्कर राज पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार टोली त्यतैबाट जापान जानेछ । रविनबाहेक सबैको पहिलो एसियाड सहभागिता हो ।

रविनले १९औँ एसियाली खेलकुद मा प्रतिस्पर्धा गरेका थिए । चन्द्र सन् २०२५ मा दुबईमा भएको आइबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिपका ऐतिहासिक कास्य पदक विजेता पनि हुन् । चन्द्रको कास्य पदक नेपाली बक्सिङको इतिहासमा हालसम्मकै ठूलो हो । प्रशिक्षकमा राज श्रेष्ठ तथा दीपक महर्जन छन् । व्यवस्थापकमा नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारी रहेका छन् । भण्डारी केहीसमय पछि भारत जानेछन् ।

एसियाली खेलकुदमा समग्रमा बक्सिङले तीन फरक संस्करणमा हालसम्म छ कास्य पदक जितेको छ । बक्सिङले दक्षिण कोरियाको सिओलमा सन् १९८६ मा भएको १०औँ संस्करणमा पहिलोपटक पदक जितेको थियो । त्यसबेला दलबहादुर रानामगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठले कास्य पदक जितेका थिए । बाँकी दुई संस्करणमा बक्सिङले पदक जित्दै नेपाललाई पदकविहीन हुनबाट जोगाएको थियो ।

सन् १९९० मा चीनको बेइजिङमा भएको ११औँ संस्करणमा चित्रबहादुर गुरुङ तथा सन् २०१० मा चीनकै ग्वाङझाउमा भएको १६औँ एसियाडमा हालका टोलीका प्रशिक्षकमध्येका दीपकले नेपाललाई कास्य पदक दिलाएका थिए ।

दक्षिण कोरियाको इन्चोनमा भएको १७औँ संस्करणदेखि बक्सिङ पदकविहीन छ । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहता, नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवाले लगायतले शुक्रबार आयोजित एक कार्यक्रमका बीचमा बिदाइ गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:www.epratyush.com